रिब्दीकोट गाउपालिका वडा न ४ चालु आ.व २०८०/०८१ को दोस्रो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन




**आयोजक**

**रिब्दीकोट गाउँपालिका वडा नं. ४**

**भैरवस्थान पाल्पा**

**सहजीकरण**

**युनिक एफ एम र दायित्व प्रत्रिका**

रिब्दीकोट गाउपालिका वडा न ४ चालु आ.व २०८०/०८१ को चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइ

## संक्षिप्त प्रतिवेदन २०८०

## सार्वजनिक सुनुवाई प्रतिवेदन २०८० रिब्दीकोट ४ पाल्पा ०६ पुस २०८०

१ पृष्ठभुमी :

२. सार्वजनिक सुनुवाई कार्यक्रमको औचित्य :

३. सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्यहरु :

४. कार्यक्रमबाट भएका उपलब्धीहरु :

५. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरु :

६. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थिति :

७. उठेको प्रश्न, जवाफ तथा सुझावहरु :

८. सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु :

९. सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएका प्रतिवेदनहरु :

१०. नागरिक प्रतिवेदन पत्र :

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन २०८०

### १ पृष्ठभुमी

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ । रिब्दीकोट गाउपालिका वडा न. ४ भैरवस्थानले कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौत्तिक पूर्वाधार निर्माण, समाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन

गर्न रिब्दीकोट गाउपालिकाको सार्वजनिक सुनवाई कार्यविधि, २०७६ अनुसार वर्षको कम्तिमा तीनपटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तीनै व्यवस्थाहरु मध्ये पहिलो चौमासिक अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ। यस सार्वजनिक सुनवाई कार्यकमको सहजिकरण तथा सहकार्य युनिक एफ एम ९४।२ मेगाहर्ज निराजन पौडेल र उत्तरदायित्व प्रत्रिका वाट नवराज ज्ञवाली लाई जिम्मेवारी दिएको सन्दर्भमा सो संस्थाको सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

रिब्दीकोट गाउपालिका वडा नं ४को  सार्वजनिक सुनवाई कार्यविधि, २०७६ मा व्यवस्था भए अनुसार रिब्दीकोट गाउपालिका वाट विनियोजित बजेट तथा कार्यकमहरु वाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ। रिब्दीकोट गाउपालिका वडा नं. ४ को आ.व. २०८०/८१ को पहिलो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै हालको वर्ष यता स्थानिय तहहरुको कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र वडाको सार्वजनिक सुनुवाई कार्यलाई सुचनाको हक दिलाउने एउटा औजारको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ ।

## ३.सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य

यस कार्यक्रमको मुख्य उद्देश्य रिब्दीकोट गाउपालिका वडा नं ४ बाट आ व २०८०/०८१ को प्रथम चौमासिक अवधिमा वडाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुनासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन । क. जनगुनासाहरु सुन्नु । ख. जनताको समस्यामा छलफल गर्नु । ग. वडामा एक चौमासिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु । ३. आगामी दिनहरुमा वडाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

## ४. कार्यक्रमबाट भएका उपलब्धिहरु

(क) वडा र वडाबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ । (ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुनेछ ।

- **सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था र व्यक्तिको नाम, ठेगाना :** युनिक एफ एम उत्तरदायित्व प्रत्रिका । स्थान : भैरव जनता माविको सभाहल (ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय : दिनको दिउसो १२ बजे देखि ४:४० बजे सम्म । (च) कार्यक्रम सञ्चालन गरिएको समयावधि : ४ घण्टा ४० मिनेट (छ) कार्यक्रममा सहभागि संख्या : ६० जना (ज) कार्यक्रमको अध्यक्षता : रिब्दीकोट गाउपालिका वडा न ४ वडा अध्यक्ष सोमकुमार ६. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरु : क) रिब्दीकोट वडा न को आर्थिक तथा प्रशासनिक विवरणको चौमासिक प्रगति प्रतिबेदन, आर्थिक विकासको प्रतिवेदन, सामाजिक विकासकोप्रतिवेदन, भौतिक निर्माण तथा पूर्वाधार विकासको प्रतिवेदन,  वडा अध्यक्ष श्री सोम कुमार कार्कीको प्रस्तुती अनुसुचि १ मा राखिएको छ ।

**५. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरु :** शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, वडाको भौत्तिक पूर्वाधार तथा विकास निर्माण, आय व्यय ।

**६. सार्वजनिक सुनवाई कार्यकममा भएको उपस्थिति :** वडाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनितिक दलका प्रतिनिधि,सहकारीहरु, महिला समुहहरु, व्यावसायिहरु, शिक्षक, बुद्धिजिवीहरु तथा वडाका विषयगत शाखाहरुलाई आमन्त्रण गरिएको थियो । सो मध्येका सबैप्रतिनिधी गरी करिब ८१ जनाको उपस्थिती रहकाो थियो ।

- **कार्यकम संचालक** : युनिक एफ एम का निराजन पौडेल क) अध्यक्षता ग्रहण सोमकुमार कार्की , प्रमूख अतिथि रिब्दीकोट गाउपालिका अध्यक्ष नारायण बहादुर कार्की ,विशिष्ट अतिथि रिब्दीकोट गाउपालिका उप प्रमूख कान्ता अधिकारी ,अतिथि रिब्दीकोट गाउपालिका योजना शाखा प्रमूख काशीनाथ आचार्य, अतिथि रिब्दीकोट गाउपालिका प्रविधि शाखा पुरन कार्की, अतिथि राजनिक दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, राष्ट्रिय जनमोर्चा का अध्यक्ष तथा प्रतिनिधि, नौ वटै टोल विकास सस्थाका प्रतिनिधि साथै वडाका विषयगत शाखाहरुलाई आसन ग्रहण गरिएको थियो ।

**७. उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**

प्रश्न :१. रिब्दीकोट ४ बस्ने सुमन पोखरेल - कृर्षि सम्बन्धी सन्र्दभमा प्रश्न आएको यसको ।उतर वडा अध्यक्ष सोम कुमार कार्की ज्यू ले दिनुभएको ।

प्रश्न :२. रिब्दीकोट ४ बस्ने दुर्गा प्रसाद खनाल - भैरव स्थान मन्दीरको सन्र्दभमा प्रश्न आएको । उतर मन्दीर व्यवस्थापन समितिका अध्यक्ष गोविन्द बहादुर पोखरेल ज्यु ले दिनुभएको ।

**८. सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु** : क) सार्वजनिक सुनुवाई कार्यविधि २०७६ र आचारसंहिता २०६९ पालना ख) नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत ग) सामाजिक परिक्षण

ङ)टोलविकास संस्थाहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी च) वृहत्त भेला तथा छलफल १३. सार्वजनिक सुनवाई कार्यकम वाट भएका सिकाईहरु यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाई भएको छ ।

सार्वजनिक सुनुवाईहरु बाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो । सार्वजनिक सुनुवाइ कार्यकममा वडाबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाई भएको यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल रहेको जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम रुपमा लिएको कार्यक्रम रिब्दीकोट गाउपालिकाका अध्यक्ष सोमकुमार कार्की अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा नेपाली काग्रेंसका प्रतिनिधि मेघराज पौडेल , नेकपा एमालेका अध्यक्ष इश्वरी प्रसाद गौतम , नेकपा माओवादीका वडा अध्यक्ष मिन बहादुर बुढाथोकी, राष्ट्रिय जनमोर्चाका अध्यक्ष गम्भीर बहादुर आले, भैरव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गोविन्द बहादुर पोखरेलको सहभागिता रहेको थियो ।

## ९. सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएका प्रतिवेदनहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएका प्रतिवेदनका मुख्य कुराहरुलाई निम्नानुसार उल्लेख गरिएको छ । आर्थिक वर्ष २०७९/०८० को योजना तथा कार्यक्रमको समिक्षा गर्दै यस आर्थिक वर्ष २०८०/०८१ को विनियोजित बजेट नीति कार्यक्रम एवं योजनाहरूको प्रगतिलाई समीक्षात्मक कार्यक्रम गर्दै वडा कार्यालयले सार्वजनिक सुनुवाइ गरेको थियो ।वडा कार्यालयबाट भएको सार्वजनिक सुनुवाई कार्यक्रममा गत वर्षका सम्पुर्ण योजनाको लागत रकम ,कार्य प्रगतिको जानकारी ,सम्पन्न हुन नसकेका योजनाहरूको बारेमा के कति र कसरी त्यो काम भएन भन्ने जानकारी, विविध कारणले निर्माणमा परेको प्रभाव, र वडा कार्यालयबाट भएको खर्च विवरण बारे समीक्षा गर्दै वडाअध्यक्ष सोमकुमार कार्कीले वडा मा भएका विकास निमार्णका कार्यहरु र अपक्षित विकास निमार्ण नहुनुको कारण सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गर्नुभएको थियो । उहाँले वडाको काममा जनचाँसो राख्ने सेवाग्राहीहरू एवं सार्वजनिक सरोकारको विषयमा सक्रियता राख्ने सबैमा कार्यक्रमबाट आभार व्यत्रक्त गर्नु भएको हो । सार्वजनिक सुनुवाइ कार्यक्रममा वडा कार्यालयले प्रदान गरेका सेवा सुविधा र आर्थिक वर्ष २०७९/०८०मा वडा कार्यालयबाट कार्य सम्पादन भएका कामहरुको वारेमा वडा सचिव हिमा खड्का पोखरेलले जानकारी दिनुभयो। उहाँले गत आर्थिक वर्ष मा वडाबाट नागरिकता तथा नागरिकताको प्रतिलिपी सिफारिस जन्मदर्ता, मृत्युदर्ता, बसाइसराई, विवाह दर्ता ,सम्बन्ध विच्छेद दर्ता ,लगायतका सिफारिसहरु लिखत् प्रमाणित एवं सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम दर्ता र नविकरण गरिएको बारेमा चर्चा गर्नु थियो ।

**१०. नागरिक प्रतिवेदन पत्र :** सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यविधि अनुसार हामी वडाको विभिन्न वडाका नागरिकसँग प्रत्यक्ष रुपमा कुराकानी गरि नागरिक प्रतिवेदन तयार पारेका छौं। नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राहीले वडाबाट सेवा लिंदा प्रत्यक्ष रुपमा भोगेर देखेका कुराहरुलाई समेटेर तयार पारेको प्रतिबेदन हो । हामीले रिब्दीकोट वडा न ४ का विभिन्न वडाका नागरिकहरुसँग कार्यविधिमा उल्लेखित प्रश्नावली अनुसार २५ जना नागरिक सँग प्रत्यक्ष कुराकानी गरेर प्रतिवेदन फारम भरेका छौं । यसमा महिला, दलित, जनजाती, बालबालिका, तथा पिछडा वर्गलाई समेत समेटेर प्रतिवेदन तयार पारेका छौं ।

१.वडामा सेवा लिन जादा कर्मचारीको व्यवहार कस्तो पाउनुहुन्छ ? ( ६० % ) सारै राम्रो पाइन्छ । ( २० % ) ठिक ठिकै पाइन्छ । ( २० % ) पाइदैन

२.वडा सरकारबाट कत्तिको सन्तुष्टि हुनुहुन्छ ? ( ६० % ) सन्तुष्टि छौ ( ३० % ) ठिक ठिकै

( १० % ) सन्तुष्टि छैनौ

३. एउटा काम गर्नका लागी वडा मा कति पटक धाउन पर्छ ? ( ७५ % ) १, २ पटक ( १५% ) ८,१० पटक ( १० % ) पटक पटक

४.विकास निमार्ण काम मा जानकारी माग्दा पाउनु हुन्छ ? ( ८५ % ) सजिलै पाउछौ ( ५ % ) पाउदैनौ ( १०% ) करकाप गरेर

५. वडा अध्यक्ष ज्यू लाई कस्तो मान्नु हुन्छ ? ( ७५ % सहज ( १५% )असहज ( १० ) मध्यम

६. वडाको काम गर्ने प्रणाली र प्रक्रिया कस्तो लाग्छ ? ( ६५ % ) धरै राम्रो ( २५% ) राम्रो ( १०%) असन्तुष्ट )

- **कार्यक्रमका तस्वीरहरु**







प्रतिवेदक

निराजन पौडेल

युनिक एफ एम तानसेन पाल्पा

धन्यबाद ।